# घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२, ५६०२४३, ५६१२६८, ५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np


सामाजिक विकास महाशाखा

पत्र संख्या ०८०/८१

च नं १६४

मिति : २०८०/०८/०८

## विषय : - विषय विज्ञ सुचीकृत हुने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा शिक्षा नियमावली २०५९ सशोधन सहित नियम ९६ क र घोराही उपमहानगरपालिकाको शिक्षा ऐनको दफा ३० को उपदफा (घ) मा व्यवस्था भए बमोजिम नगर शिक्षा समितिको मिति २०८०/०७/१५ गतेको निर्णयानुसार यस उप महानगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा रिक्त हुने दरबन्दी, राहत, सघीय शिक्षण सिकाइ अनुदान, स्वयसेवक शिक्षक र प्रारम्भिक बालविकास सहजकर्ता र विद्यालय कर्मचारी पदमा करार नियुक्ती प्रयोजनका लागि विषय विज्ञ सूचीकृत गरी राख्नुपर्ने भएकोले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा तपसिल बमोजिम कागजात सहित तोकिएको ढाँचामा सामाजिक विकास महाशाखा (शिक्षा) मा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।म्याद नाघी आएका वा रितपूर्वक नआएका दरखास्त स्वतः अस्वीकृत हुने व्यहोरा समेत अनुरोध छ

विनोद गौतम
महाशाखा प्रमुख

विनोद गौतम
उप-सचिव
अधिकृत स्तर नवौं

### तपशिल

**शर्तहरु**

१. माध्यमिक तह कक्षा (९- १०) र कक्षा (११- १२) का लागि सूचीकृत हुन क्रमश: माध्यमिक तह कक्षा (९- १०) को र विषयगत शिक्षक सरकारी क्यामपसको उप- प्राध्यापक पदमा न्यूनतम १ वर्ष स्थायी सेवा भई शिक्षा शास्त्रमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ। सम्बन्धित विषयमा स्नातक उत्तीर्ण गरी माध्यमिक तह कक्षा (९- १०) मा १० बर्ष स्थायी सेवा गरेका शिक्षक सम्बन्धित तहको विज्ञको रुपमा सुचीकृत हुन सक्नेछ तर सरकारी क्याम्पसका स्थायी शिक्षकको हकमा सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण भएपनि कक्षा (११- १२) का लागि विज्ञको रुपमा सूचीकृत हुन सक्नेछ

२. आधारभूत तह कक्षा (१- ५) र कक्षा (६- ८) का लागि सूचीकृत हुन सम्बन्धित तहमा १ वर्ष स्थायी सेवा भई शिक्षा शास्त्रमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ।

३. विद्यालय सहायक कर्मचारी तथा अन्य कर्मचारीको विज्ञको रुपमा सुचीकृत हुन वाणिज्यशास्त्र वा व्यवस्थापन सकायमा कम्तीमा स्नातक उत्तीर्ण गरी सम्बन्धित विषयको स्थायी शिक्षक वा अधिकृतस्तरको स्थायी कर्मचारी रहेको हुनुपर्नेछ।

४. प्राविधिकधार तर्फ पशु विज्ञान र कम्प्यूटर इन्जिनीयरिङ्ग विषयको विज्ञको रुपमा सुचीकृत हुन सम्बन्धित विषयमा स्नातकोत्तर उत्तिर्ण गरेका स्थायी माध्यमिक शिक्षक वा सातौं तह सरहका अधिकृत कर्मचारीका अतिरिक्त सम्बन्धित विषयमा स्नातकोत्तर उत्तिर्ण गरेका अस्थायी माध्यमिक शिक्षक पनि सम्बन्धित तहका विज्ञको रुपमा सुचिकृत हुन योग्य हुनेछन्।

५. माथिल्लो तहको विज्ञ हुन योग्य शिक्षक तल्लो तहको विज्ञको रुपमा पनि सूचीकृत हुन योग्य हुनेछ।

६. सूचीकृत हुन चाहने व्यक्ति घोराही उपमहानगरपालिका भित्रका विद्यालय वा क्यापसमा कार्यरत स्थायी शिक्षक/कर्मचारी हुनुपर्नेछ।

७.उल्लिखित कागजातहरुको प्रतिलिपि स्वयमले नै सक्कल बमोजिम नक्कल ठीक छ भनी प्रमाणित गर्नुपर्नेछ।

८.दुवै तहमा सूचीकृत हुनको लागि निवेदनमा स्पष्ट खुलाउनु पर्नेछ।

**निवेदन साथ सलग्न गर्नुपर्ने कागजातहरु**

१. शैक्षिक योग्यताको प्रमाणित प्रमाणपत्र।

२. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

३. अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि।

४. स्थायी नियुक्तीपत्रको प्रमाणित प्रतिलिपि।

५. तोकिएको ढाँचा अनुसारको निवेदन।

**बोधार्थ**

श्री सूचना तथा प्रविधि शाखा Website मा upload गरी दिनुहुन

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू
घोराही उप-महानगरपालिका दाङ।

मिति : २०८०/०८/

**विषयः विषयविज्ञ पदमा सुचीकृत हुन पाऊँ भन्ने बारे।**

प्रस्तुत विषयमा त्यस नगरपालिकाको मिति २०८०/०८/०८ गतेको प्रकाशित सूचना अनुसार सामुदायिक विद्यालयहरुमा रिक्त हुने दरबन्दी, राहत, सघीय शिक्षण सिकाइ अनुदान, स्वयसेवक शिक्षक र प्रारम्भिक बालविकास सहजकर्ता र  विद्यालय कर्मचारी पदमा नियुक्ति प्रयोजनका लागि तपसिलका कागजात सहित निवेदन पेश गरेको व्यहोरा अनुरोध छ।

<u>तपसिल</u>

१. स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि - १ थान
२. शैक्षिक योग्यताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि - १ थान
३. अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि - १ थान
४. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि - १ थान

विषय विज्ञमा स्वीकृत हुन चाहेको तह/प्रकार
आधारभूत तह कक्षा (१- ५) कक्षा (६- ८)
माध्यमिक तह कक्षा (९- १०) कक्षा (११- १२)
विद्यालय कर्मचारी

सुचीकृत हुन चाहेको विषय ............................

<u>निवेदक</u>
हस्ताक्षर
नाम :-
पद :-
तह :-
श्रेणी :-
कार्यरत संस्था :-
सम्पर्क नम्बरः-
इमेल :-

बिनोद गौतम
उप-सचिव
अधिकृत स्तर नवौं